# मांछे

भित्र भित्र
जलेर
बलेर
गलेर फतक्क
बहिर भने आइरन  लगाएर
खुचमुज मिलाउँ दै चिटिक्क परेर
पालिस गरेर
टलक्क टल्काएर
अत्तर छरेर
मगमग बनाएर
एउटा भरिलो ज्वाला झैं
मच्चिंछ मांछे
अरुको आँखामा ।

गर्ब गर्छ
घमंड गर्छ
बखान गर्छ आफ्नै
प्रगति (?) मा
दंग पर्छ
दौडिंछ यता उता
चल्ता पुर्जा
आहा कस्तो मांछे ?
अरुको आँखामा ।

चिल्लो गाडि सफरमा वा
देउरालि मा सुसेल्दै हिडँदा
उ केवल आजित छ
पराजित छ

टुटेको छ
फुटेको छ
सपना
उ लरखराइ रहेछ
भित्र भित्र
आफ्नो आँखमा ।

यँहा भए त्यँहा
त्यँहा भए यँहा मन डुलाउँदै
पीडा बोधले
गरेको भए र भएको भए भन्दै
पछुतो मात्र गरेर
बाँचेको छ मांछे ।

यो बस्ति बाट
त्यो बस्ति मा पोका पुंतुरा सारेर
यात्रा मा छ मांछे
अथाहा यात्रा मा छ मांछे
सायद आफ्नै खोजि मा छ मांछे
कुन गंतब्य म पुगेर अडियला यो  मांछे ?

सोतर सोर्दा होस व डलर
के  खुशि छ मांछे ?
के सँधै खुशि छ मांछे ?
खै कहिले खुशि छ मांछे ?
खै कहिले  साँच्चै खुशि हुंछ मांछे ?

हरेक असफलतामा
फलाना र ढिस्कना लाइ दोष थुपार्दै
आँफैलै आँफैलाइ सांत्वना दिंछ मांछे
केवल बाँच्न को लागि बाँचेको मांछे
बाँचेको छु भन्न बाँचेको मांछे

किन बाँच्छ मांछे ?
साँच्चै कहिले  बाँच्छ मांछे ?

+++

कपिल अधिकारी
ताइपे,ताइवान
**March 16,2003**